# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, चैत १६ गते २०३२ साल**

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

आयकर ऐन, २०३१ को दफा ४० (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सम्बन्धित कर कार्यालय समक्ष पेश हुन आएका आय विवरणहरूमध्ये वार्षिक खूद आय रू. २५,०००।– भन्दा कम आय आर्जन गरेको भन्ने कर अधिकृत वा निजबाट अधिकार प्राप्त कर निरीक्षकलाई लागेमा यस्ता आयकरदाताहरूको वार्षिक खूद आय निर्धारण गर्ना निमित्त २०३३ आषाढ मसान्तसम्मलाई देहायबमोजिम अध्यक्ष सदस्य भएको जिल्लास्तरीय आय निर्धारण समिति गठन गरेको छ ।

समितिको गठन

(क) सम्बन्धित कर कार्यालयका कर अधिकृत – – – अध्यक्ष

(ख) स्थानीय मूल भन्सारको हाकिम वा निजको अनुपस्थितिमा सोही कार्यालयको तहरीर, सो कार्यालय नभएको जिल्लाको लागि स्थानीय प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट मनोनीत गरी खटाएको सोही कार्यालयको दर्जा पुगेको एक जना प्रतिनिधि – – – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C-92